# कञ्चनपुर जिल्लाका उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र
सङ्काय नेपाली भाषाशिक्षा
विभागअन्तर्गत स्नातकोत्तर (एम.एड.) तह
दोस्रो वर्षको नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनको लागि प्रस्तुत
शोधपत्र

शोधकर्ता
ध्रुवराज पण्डित
श्री जनज्योति बहुमुखी क्याम्पस
भीमदत्तनगर, कञ्चनपुर
परीक्षा क्रमाङ्क - ४०४००९३/ २०६६
क्याम्पस रो.नं. - ६०/ २०६४
त्रि.वि., र.नं. ९-२-३२९-१५५-२००३
२०६७

## निर्देशकको सिफारिस - पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषाशिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत "कञ्चनपुर जिल्लाका उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन" शीर्षकको शोधपत्र शोधार्थी ध्रुवराज पण्डितद्वारा मेरा निर्देशनमा तयार पारिएको हो । निजद्वारा मिहिनेत र लगनशीलताका साथ तयार पारिएको हुनाले यस शोधपत्रप्रति म सन्तुष्ट छु । यो शोधपत्रको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६७/

..............................

शोधनिर्देशक

उप प्रा. हरिप्रसाद खतिवडा

नेपाली विषय विभाग प्रमुख

जनज्योति बहुमुखी क्याम्पस

भीमदत्तनगर, कञ्चनपुर

# कृतज्ञता ज्ञापन

प्रस्तुत **"कञ्चनपुर जिल्लाका उच्च मा.वि.तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन''** शीर्षकको शोधपत्र मैले श्रद्धेय गुरु उप-प्रा. हरिप्रसाद खतिवडा ज्यूको निर्देशनमा तयार पारेको हुँ । शीर्षक चयनदेखि शोधकार्य सम्पन्न हुँदासम्म पाएको उहाँको उचित मार्गनिर्देशन तथा सहयोगले गर्दा प्रस्तुत शोधप्रबन्धले यो रूप प्राप्त गर्न सकेको हो । अलिकति पनि झर्को नमानी आफ्नो अमूल्य समय प्रदानगरी शोधग्रन्थलाई परिष्कार र परिमार्जन गरिदिनुभएकोमा सर्वप्रथम म उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा सहयोग पुऱ्याउने श्रद्धेय गुरूहरू क्याम्पस प्रमुख उप प्रा.खेमलाल घिमिरे, उप प्रा.इन्द्र बम, उप प्रा.भवानीप्रसाद पन्त, उप.प्रा.हरिसिंह खाती ज्यूप्रति पनि कृतज्ञता प्रकट गर्दछु ।

मेरो अध्ययन कार्यलाई यहाँसम्म ल्याउन तथा आर्थिक भार बहनगरी सधैँ पढ्न प्रेरित गरेर उचित सल्लाह र हौसला प्रदान गर्नु हुने पूजनीय पिता श्री जयराज शर्मा पण्डित, माता विरामती देवी पण्डित, आदरणीय दाजु छत्रराज पण्डित ज्यूप्रति म सदा ऋणी छु ।

त्यस्तै शोधकार्यमा सहयोग सुऱ्याउने श्री भानु बहुमुखी क्याम्पस दोधारा-चाँदनीका उप प्रा.रणबहादुर दौल्याल, तथ्याङ्क सङ्कलन लगायतका कार्यमा सहयोग पुऱ्याइदिनुहुने श्री भानु उच्च मा्.वि.दोधारा-चाँदनीका शिक्षक तथा मेरा दाजु श्री यज्ञराज पण्डित, बैजनाथ न.उ.मा.वि. भीमदत्तनगरका गणित शिक्षक एवम् मित्र श्री जनक चन्द, सोही विद्यालयका शिक्षक वाचस्पति भट्ट ज्यूलाई पनि म यहाँनिर नसम्झि रहन सक्दिन । त्यसैगरी तथ्याङ्क सङ्कलन लगायत शोधकार्य लेखनमा सघाउने भाइ कृष्णप्रसाद पण्डित, बहिनी पुष्पा पण्डित, भान्जा गोविन्द उपाध्याय र टाईप गरी सहयोग गरिदिनुहुने एम.एन.आर. सायवर लगायत सम्पूर्ण साथीहरूप्रति आभार व्यक्त गर्दछु ।

शै.स. २०६४/६६ ध्रुवराज पण्डित

मिति २०६७/ शोधार्थी

# शोधसार :-

शोधशीर्षक: कञ्चनपुर जिल्लाका उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन

शोधार्थी : ध्रुवराज पण्डित

शोधनिर्देशक : उप प्रा.हरिप्रसाद खतिवडा

क्याम्पस : श्री जनज्योति बहुमुखी क्याम्पस भीमदत्तनगर, कञ्चनपुर

शैक्षिक सत्र : २०६४/ ०६६

पृष्ठ सङ्ख्या : ७७ + १९

अध्याय - ६

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषाशिक्षा विभागअन्तर्गत एम.एड. नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो ।

कञ्चनपुर जिल्लाका उच्च मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य हो । कञ्चनपुर जिल्लाका सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति के-कस्तो छ ? भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति के-कस्तो छ ? लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति के-कस्तो रहेको छ ? स्थानीयताका आधारमा ग्रामीण र सहरी क्षेत्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति के-कस्तो छ भनी अध्ययन विश्लेषण गर्ने कार्य गरिएको छ । विद्यार्थीहरूमा रहेको निबन्धलेखन क्षमतालाई कसरी सुधार गर्न सकिन्छ ? उक्त तहमा अध्ययनरत विद्यार्थीहरूमा लेखनसम्बन्धी के-कस्ता कमजोरीहरु रहेका छन् भन्ने विषयलाई मुख्य समस्या मानेर प्रस्तुत शोधकार्य गरिएको छ । यसै समस्यासँग सम्बन्धित रहेर विद्यालयको प्रकृति, लैङ्गिक आधार, भाषिक पृष्ठभूमि स्थानीयताका आधारमा कञ्चनपुर जिल्लाका उच्च मा.वि. तहमा

अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन विश्लेषण गर्ने कार्य गरिएको छ। उक्त तहका विद्यार्थीहरूमा निबन्धलेखनमा रहेका कमीकमजोरीहरूको निराकरण गर्न केही आवश्यक सुझावहरु समेत दिने उद्देश्यमा यो शोधकार्य केन्द्रित रहेको छ।

प्रस्तुत शोधकार्यको शीर्षक सोझै विद्यार्थीसँग प्रत्यक्ष सम्बन्धित विषय भएकाले विद्यार्थीहरूलाई केन्द्रविन्दु बनाई नमुना सर्वेक्षण विधिबाट यस शोधकार्यलाई सम्पन्न गरिएको छ। शोधकार्यका लागि कञ्चनपुर जिल्लाभित्रका ४ वटा सरकारी विद्यालयका ४० जना र २ वटा निजी विद्यालयका २० जना गरी जम्मा ६ वटा विद्यालयका ६० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ । अन्य सहयोगी सामाग्रीका रूपमा पूर्व शोधकार्य, सन्दर्भ पुस्तकहरू पत्रपत्रिका, आदि रहेका छन् । उपलब्ध तथ्याङ्कहरूको वस्तुगत अध्ययनका लागि समूहगत मध्यमान (Mean), मानक विचलन (Standard Deviation), प्रतिशताङ्क (Percentile), श्रेणी निर्धारण गरी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गरिएको छ । समूहगत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गर्न जेड परीक्षण (Z test) लाई उपयोग गरिएको छ । यसप्रकार साङ्ख्यिकीय तथ्याङ्क विश्लेषणका आधारमा प्रस्तुत शोधको प्रारूप तयार पारिएको हो।

६ परिच्छेदमा सङ्गठित प्रस्तुत शोधकार्यलाई क्रमशः शोधपरिचय सैद्धान्तिक परिचय अध्ययन विधि व्याख्या र विश्लेषण तुलनात्मक विश्लेषण तथा निष्कर्ष र सुझाव खण्डमा विभाजित गरिएको छ।

यस शोधका निष्कर्षहरूलाई बुँदागत रूपमा यसप्रकार प्रस्तुत गरिएको छ :

i) कञ्चनपुर जिल्लाका उच्च मा.वि. तहमा अध्ययनरत समग्र जिल्लाका विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ। यस अध्ययनमा ६० प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता मापन गराउन सफल विद्यार्थीहरूको सङ्ख्या ६६.७ प्रतिशत देखिनुले यस कुरालाई पुष्टि गर्दछ।

ii) सरकारी र निजी विद्यालय समूहका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना गर्दा निजी विद्यालय समूहभन्दा सरकारी विद्यालय समूहका विद्यार्थीहरूको निबन्धलेखन क्षमता केही बढी रहेको देखिन्छ।

iii) भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता समान किसिमको रहेको देखिन्छ । 'Z' test ०.८० रहनुले यस तथ्यलाई पुष्टि गर्दछ ।

iv) लैङ्गिकताका दृष्टिले हेर्दा समग्र छात्र र छात्राका बीच निबन्धलेखन क्षमता समान किसिमको देखिन्छ ।

v) स्थानीयताको दृष्टिले सहरी क्षेत्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूभन्दा ग्रामीण क्षेत्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा निबन्धलेखन क्षमता समान रहेको देखिन्छ ।

# सङ्क्षेपीकृत शब्दसूची

| क्र.सं. | सङ्क्षिप्तरूप | पूर्णरूप |
|---|---|---|
| १. | क्र.सं. | क्रम सङ्ख्या |
| २. | उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| ३. | सा.सं. | सातौं संशोधन |
| ४. | तृ.सं. | तृतीय संशोधन |
| ५. | प्र.स. | प्रथम संस्करण |
| ६. | डा. | डाक्टर |
| ७. | ई. | ईस्वी सम्वत |
| ८. | ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| ९. | प्रा. | प्राध्यापक |
| १०. | त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| ११. | अ. | अनिवार्य |
| १२. | वि.सं. | विक्रम सम्वत् |
| १३. | पाँ.सं. | पाचौँ संस्करण |
| १४. | ने.भा.शि.वि. | नेपाली भाषा शिक्षा विभाग |
| १५. | द्वि.सं. | द्वितीय संस्करण |
| १६. | पु.मु. | पुनः मुद्रण |
| १७. | आ.सं. | आठौँ संस्करण |
| १८. | नेपा.शि. | नेपाली शिक्षण |

**शोध प्रतिवेदनमा प्रयोगमा आएका अङ्ग्रेजी शब्दसूची**

| | |
|---|---|
| Z test | जेड परीक्षण |
| Mean | मध्यमान |
| Standard Deviation | मानक विचलन |
| Percentile | प्रतिशताङ्क |

## विषय - सूची


| | परिच्छेद - एक | पेज नं. |
|---|---|---|
| १. | शोध परिचय | १-१२ |
| १.१. | शोध शीर्षक | १ |
| १.२. | शोध प्रयोजन | १ |
| १.३. | समस्याकथन | १ |
| १.४. | अध्ययनको उद्देश्य | ३ |
| १.५. | शोधको औचित्य | ४ |
| १.६. | शोधको सीमाङ्कन | ६ |
| १.७. | शोध विधि | ७ |
| १.८. | पूर्वकार्यको समीक्षा | ८ |
| १.९. | शोधको रुपरेखा | १२ |
| | **परिच्छेद - दुई** | |
| २. | सैद्धान्तिक परिचय | १३-३४ |
| २.१ | निबन्धको सैद्धान्तिक परिचय | १३ |
| २.१.१ | पृष्ठभूमि | १३ |
| २.१.२ | निबन्धः व्युत्पत्ति र अर्थ | १५ |
| २.१.३ | निबन्धको परिभाषा | १८ |
| २.१.४ | निबन्धका प्रकार | २० |
| २.२ | भाषिक सीप र निबन्ध विधा | २३ |
| २.२.१ | भाषापाठ्यक्रम, भाषापाठ्यपुस्तक र लेखाइ सीप | २३ |
| २.२.१.१ | भाषापाठ्यक्रम | २३ |
| २.२.१.२ | भाषापाठ्यपुस्तक | २३ |
| २.२.१.३ | लेखाइ सीप | २४ |
| २.२.२ | लेखाइ शिक्षणको आवश्यकता र महत्त्व | २५ |
| २.२.३ | लेखाइ सीपको विकासमा निबन्धलेखनको स्थान | २७ |

२.२.४ विद्यालय तहमा निबन्ध शिक्षणको प्रयोजन २८
२.२.५ विद्यालय तहका वर्तमान पाठ्यक्रमहरुमा निबन्ध विधाको स्थान र शिक्षण प्रक्रिया २९
२.२.५.१ प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ २९
२.२.५.२ निम्नमाध्यमिक पाठ्यक्रम २०५८ ३०
२.२.५.३ माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ ३१
२.२.५.४ उच्च माध्यमिक शिक्षा पाठ्यक्रम २०४९ ३२
२.३ सारांश ३४

**परिच्छेद - तीनः**

३. अध्ययन विधि ३५-४०
३.१ जनसङ्ख्याको पहिचान ३६
३.२ प्रतिनिधि नमुना ३६
३.३ सामाग्री निर्माण ३७
३.४ तथ्याङ्क सङ्कलन ३७
३.५ व्याख्या विश्लेषण र प्रस्तुतीकरण ३८
३.५.१ 'Z' मान गणना गर्न आएको सूत्र ३८
३.५.२ मध्यमान (Mean) गणना गर्न आएको सूत्र ३९
३.५.३ मानक विचलन गणना गर्न प्रयोगमा आएको सूत्र ३९
३.५.४ प्रतिशताङ्क गणना गर्न उपयोगमा आएको सूत्र ४०

**परिच्छेद - चारः**

४. व्याख्या र विश्लेषण ४१-६१
४.१ समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ४१
४.१.१ समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति ४१
४.१.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ४२

४.२ सरकारी विद्यालयका विचलनका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति ४३

४.२.२ मध्यमान र मानक विचलनका आधारमा क्षमताको सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ४४

४.३ निजी विद्यालयका समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ४५

४.३.१ निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति ४५

४.३.२ मध्यमान र मानक विचलननका आधारमा निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ४६

४.४ नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ४६

४.४.१ नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति ४६

४.४.२ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको  निबन्धलेखन क्षमताको स्थिति ४७

४.५ नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

४.५.१ नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति ४८

४.५.२ मध्यमान र मानक विचलनका आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ४९

४.६ छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ५०

४.६.१ छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति ५०

४.६.२ मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ५१

४.७ छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ५२

४.७.१ समग्र विद्यार्थीहरूमध्येबाट छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति ५२

४.७.२ मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ५३
४.८ ग्रामीण विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ५४
४.८.१ ग्रामीण विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क ५४
४.८.२ मध्यमान र मानक विचलनका आधारमा ग्रामीण विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ५५
४.९ सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ५६
४.९.१ सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थिति ५६
४.९.२ मध्यमान र मानक विचलनका आधारमा सहरी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति ५६
४.१० समग्र मध्यमान र मानक विचलनका समूहगत स्थिति ५८
४.११ सारांश ६०

**परिच्छेद - पाँचः**

५. तुलनात्मक विश्लेषण ६२-६८
५.१ विभिन्न समूहहरुमा निबन्धलेखन क्षमताको स्थिति ६२
५.१.१ सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना ६२
५.१.२ भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना ६४
५.१.३ लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना ६६
५.१.४ स्थानीयताका आधारमा ग्रामीण र सहरी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना ६७

**परिच्छेद - छः**


| | | |
|---|---|---|
| ६. | निष्कर्ष र सुझाव | ६९-७७ |
| ६.१ | निष्कर्ष | ६९ |
| ६.२ | सुझाव | ७३ |
| ६.३ | शैक्षिक प्रयोजन | ७५ |
| ६.४ | अध्ययनका सीमाहरू | ७६ |